गौरीशङ्कर गाउँपालिकाको कार्यपालिका कार्यालय, सुरी, दोलखा, बागमती प्रदेश, नेपाल २०७३

# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी, २०७७

**प्रस्तावना :**

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्वको हक, राज्यका सबै निकायमा समावेशी समानुपातिक सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूति गरी सबै प्रकारका लैङ्गिक भेदभाव तथा हिंसा अन्त्य गर्ने उद्घोष गरिएको छ । संविधानको उक्त मर्म र भावना कार्यान्वयनका लागि वाञ्छनीय भएकाले नेपाल सरकारबाट जारी लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ दफा ३ख. को अधिनमा रही प्रशासकीय कार्यविधि (नियमीत गर्ने) ऐन २०७५ को दफा ३ बमोजीम यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "गाउँपालिका" भन्नाले गौरीशङ्कर गाउँपालिका सम्झनुपर्दछ ।

ख) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

ग) "कोष" भन्नाले गाउँपालिकामा स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्दछ ।

घ) "रकम" भन्नाले गौरीशङ्कर गाउँपालिकामा सशर्त अनुदानबाट प्राप्त भएको रकम वा यसै कार्यविधिको नियम ३ अनुसार प्राप्त भई लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम सम्झनुपर्दछ ।

ङ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्दछ ।

च) "तत्काल उद्धार तथा राहत समिति" भन्नाले गाउँपालिकामा गठित स्थानीय तत्काल उद्धार तथा राहत समितिलाई सम्झनुपर्दछ ।

2076/05/26

राम बहादुर खड्का
अध्यक्ष

Scanned by TapScanner

छ) "शाखा" भन्नाले सामाजीक विकास शाखा सम्झनुपर्दछ ।

ज) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल वा सार्वजनिक स्थलमा हुने यौनजन्य दुर्व्यवहार, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्दछ ।

**३. कोषको स्थापना :** १) लैङ्गिक हिंसा निवारण कोष नामक एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

क) गाउँसभाबाट विनियोजित रकम,

ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

३) उपनियम (१) बमोजिमको रकम गाउँपालिका स्थित हिमालयन बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४) कोषमा रकम जम्मा गर्ने :** नियम (३) को उपनियम (२) बमोजिमको रकम आवश्यकता अनुसार कोषमा जम्मा गर्नुपर्नेछ ।

**५) कोषको उपयोग :** १) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्न ।

ख) पीडितलाई औषधी उपचार गर्न ।

ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न ।

घ) पिडितलाई पुर्नस्थापना गराउँन ।

ङ) पीडितलाई राहत तथा आर्थिक सहायता प्रदान गर्न ।

च) कुनै व्यवसाय वा स्वरोजगारको लागी व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न ।

२०७६/05/26

Scanned by TapScanner

६. **कोषको रकम अन्य काममा खर्च गर्न नसकिने** : (१) कोषको रकम नियम ५मा लेखीए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

२) उपनियम (१) मा जुनसुकै कुरा लेखीएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागी कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. **स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन** : (१) पीडितलाई तत्काल उद्धार, राहत तथा आर्थिक सहायता उपलब्ध गराउने कामको लागि देहाय बमोजिमको तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) इलाका प्रहरी प्रमुख | सदस्य |
| ङ) स्थानीय गैरसरकारी संस्थाका प्रतिनिधि मध्ये अध्यक्षले मनोनित गरेको एकजना | सदस्य |
| च) सामाजीक विकास शाखा प्रमुख | सदस्य-सचिव |

२) समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजीम हुनेछ।

८. **स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार** : (१) स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य अधिकार देहाय बमोजीम हुनेछ :-

क) पीडितलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउन सिफारिस गर्ने ।

ख) राहत तथा आर्थिक सहायताको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

ग) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय कायम गर्ने ।

घ) लैङ्गिक हिंसा हुन नदिनको लागी स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने** : पिडितलाई दिईने राहत तथा सहायता स्थानीय तत्काल राहत तथा उद्धार समितिले निर्णय गरे बमोजिम हुनेछ ।

Scanned by TapScanner

१० **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने हद र आधार** : (१) यस कार्यविधि बमोजीम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

क) पिडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास वस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँका दरले बढिमा पाँच हजार रुपैयाँ,

ख) पिडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा, अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोवास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढिमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको खर्च,

ग) पिडितसँग आश्रीत बालवालिका भए बालवालिकाका लागि पनि सोही दरमा खाना खर्च रकम,

घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

ङ) हिंसा पीडितले सिपमुलक तालीम प्राप्त गरी स्वरोजगारका लागि व्यवसाय स्थापनाको लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढिमा प्रतिव्यक्ति २० हजार रुपैयाँ,

च) देश जिल्ला वा अन्य स्थानीय तहमा स्थापना भई संचालन भैरहेका तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्रमा गाउँपालिकाबाट हिंसा पीडितलाई पुनर्स्थापना गराईएको भए र सो सेवा केन्द्रबाट माग भई आएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरेबमोजिमको रकम,

छ) पुर्नस्थापनाको लागि बढिमा पाँच हजार रुपैयाँ,

ज) स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागी कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

गौरिशंकर गाउँपालिका
गाउँपालिकाको कार्यालय
...री, दोलखा
...ी प्रदेश, नेपाल
२०७३

... बहादुर ...
अध्यक्ष

Scanned by TapScanner

२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित स्थानीय तहमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखीएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

३) उपनियम (१) बमोजीम पिडितलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउँदा नियम ३ बमोजीमको लैङ्गिक हिंसा निवारण कोषमा रहेको रकमलाई समेत आधार मानी उक्त आर्थिक वर्षमा कोषबाट हुन सक्ने खर्च समेत अनुमान प्रक्षेपण गर्नुपर्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्रदान गर्न निवेदन दिनुपर्ने :** यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहायता प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहायता पाउनु पर्ने मानसिब कारण खुलाई वडा कार्यालयको सिफारिस सहित सामाजीक विकास शाखामा निवेदन दिनुपर्ने छ ।

**१२. तत्काल राहत रकम उपलब्ध गराउन सक्ने :** १) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षती हुने देखिएमा सो प्रयोजनको लागि तत्काल मनासिब राहत रकम तत्काल उद्धार तथा राहत समितिको अध्यक्षले पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

२) उपनियम (१) बमोजीम राहत रकम उपलब्ध गराईएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१)कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई नियम ७ बमोजीमको समितीले थप रकम मागको लागी सिफारिस गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजीम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

Scanned by TapScanner

२) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षक तथा अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१५. प्रतिवेदन पेश गर्नुपर्ने** : १) तत्काल उद्धार तथा राहत समितिले प्रत्येक चौमासिकमा प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

**१६. बैठक भत्ता** : स्थानीय तत्काल उद्धार तथा राहत समितिका अध्यक्ष र सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कार्यपालिकाले तोके बमोजिम बैठक भत्ता पाउनेछन् ।

**१७. निर्देशन दिन सक्ने** : कार्यपालिकाले तत्काल उद्धार तथा राहत समितिको काम कारबाहीको सम्बन्धमा नियम ७ बमोजीमको समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१८. बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको सम्बन्धमा कुनै द्बिविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

बहादुर
अध्यक्ष

Scanned by TapScanner

## अनुसूची १

(दफा ११ सँग सम्बन्धित)

श्री अध्यक्ष्यज्यू,                                                  मिति :

स्थानीय तत्कार उद्धार तथा राहत समिति

गौरीशङ्कर गाउँपालिका

सुरी, दोलखा ।

विषय : सहयोग उपलब्ध गराई पाऊँ ।

म गौरीशङ्कर गाउँपालिका वडा नं. ........ मा बस्ने बर्ष .......को ................................मितिमा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ( .......................) भएकाले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवम् परामर्श/उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुर्नस्थापना/ अन्य........................कामको लागि सहयोग आवश्यकता परेको हुँदा लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नाम थर :

ठेगाना :

दस्तखत :

मोबाइल नं. :

Scanned by TapScanner